# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बद्रीपुर, सुनसरी
कोशी प्रदेश, नेपाल

पं.सं.२०८२/०८३
चं.नं. ८३२५

मितिः२०८२/११/१३ गते
ने.सं.११४६ चिल्लाथ्व ९ बुधवार

श्री वडा कार्यालय (सबै)

### विषयः बेरोजगार व्यक्तिको निवेदन संकलन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को आ.व. २०८२/८३ को लागि रोजगार सेवा केन्द्रमा न्युनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले निवेदन दिन सक्ने समयावधी फल्गुन महिना कायम गरिएको हुँदा उक्त वडामा रहेका इच्छुक वेरोजगार व्यक्तिको निवेदन तोकिएको मिति भित्र संकलन गरी मिति २०८२ चैत्र ०३ गते सम्म कोशी गाउँपालिका रोजगार सेवा केन्द्रमा पेश गर्नका लागि जानकारीका साथ अनुरोध छ । साथै न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले बेरोजगारको सूचिमा दर्ता हुनको लागि दिने निवेदनको ढाँचा प्रत्येक वडा कार्यलयमा उपलव्ध गरिएको व्यहोरा जानकारी गराइन्छ ।

निवेदकले फारम भर्दा चाहिने आवस्यक कागजातंरविवरणहरुः

- निवेदकको नागरिकताको प्रतिलिपी वा पूर्ण विवरण
- पूर्ण पारिवारिक विवरण ( प्रत्येक सदस्यको पुरा नाम, जन्म मिति, नागरकिता नम्बर र नागरकिता जारि मिति ) र नागरिकताको प्रतिलिपी
- निवेदकको पासपोर्ट साइजको १ थान फोटो
- बसाइसराइ भएको भए सो को प्रमाण पत्रको प्रतिलिपि

सुर प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

सुर प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सबै वडा कार्यालयहरुः यो सूचना सूचनापाटिमा राखिदिन हुन ।
श्री प्रविधि शाखा, सूचना कोशी गा.पा. यो सूचना वेवसाइमा राखिदिन हुन ।

Email:koshigaupalika@gmai.com
ito.koshimun@gmail.com
WEB:- https://koshimun.gov.np

CamScanner